16 February, 2026

आकाशवाणी

मुख्य समाचार

1. प्रधानमन्त्री मोदीले एआई इम्पेक्ट शिखर सम्मेलनको विषय सर्वजन हिताया, सर्वजन सुखाय-मा आधारित रहेको बताउनु भयो

2. अधिकारीहरूले देशको विकास र प्रत्येक नागरिकको कल्याणका लागि प्रतिबद्धताका साथ काम गरेमा राष्ट्र विश्वव्यापी रूपमा अझ सशक्त, सक्षम र सम्मानित बन्ने राष्ट्रपति मुर्मुको धारणा

3. राष्ट्रिय सुरक्षा र रणनीतिक स्वायत्तता सुनिश्चित गर्न महत्वपूर्ण प्रविधिहरूको स्वदेशी विकास आवश्यक रहने रक्षामन्त्रीको मन्तव्य

4. मुम्बईमा भोलि प्रधानमन्त्री मोदी र फ्रान्सेली राष्ट्रपति म्याक्रोनबीच बातचित हुने

अनि

5. धारा ३७० खारेज गरेपछि कश्मीर, पूर्वोत्तर र माओवादी प्रभावित क्षेत्रहरूमा हिंसा ८० प्रतिशतले घटेको गृहमन्त्री शाहको अडान

-----------

## 1.एआई शिखर सम्मेलन

प्रधान मन्त्री नरेन्द्र मोदीले आज इण्डिया इम्पेक्ट एआई प्रदर्शनी-को उद्घाटन गर्नुहुनेछ। यो सम्मेलन आज नयाँ दिल्लीमा सुरु भएको छ। यो पाँच दिने शिखर सम्मेलन विकासशील

देशमा आयोजना हुने पहिलो विश्वव्यापी **एआई** शिखर सम्मेलन हो। यो शिखर सम्मेलन विश्वव्यापी एआई एजेन्डामा भारतको भूमिकालाई सुदृढ पार्न एउटा महत्त्वपूर्ण प्लेटफर्म हो। शिखर सम्मेलनमा १०० भन्दा बढी देशहरूलाई आमन्त्रित गरिएको छ, र २००,००० भन्दा बढी मानिसहरूले दर्ता गरेका छन्।

२० देशका विश्वव्यापी नेताहरूले शिखर सम्मेलनमा भाग लिने कार्यक्रम छ। प्रधानमन्त्री मोदीले भन्नुभयो, यो देशका नागरिकहरूका लागि अत्यन्त गर्वको विषय हो। **एआई एम्पकेट शिखर सम्मेलन**-का लागि विश्वभरीबाट भारतमा मानिसहरू आइरहेछन्। श्री मोदी ने भन्नुभयो, यस अवसरले देशका युवाहरूको क्षमतालाई पनि दर्शाउँदछ। उहाँले भन्नुभयो, शिखर सम्मेलनको विषय **सर्वजन हिताया, सर्वजन सुखाय**, जसको अर्थ सबैका लागि कल्याण, सबैका लागि सुख हो। यस सम्मेलन मानव केन्द्रित प्रगतिका लागि **एआई** उपयोग गर्न देशहरूको साझा प्रतिबद्धतालाई दर्शाउँदछ।

## 2.राष्ट्रपति - अधिकारी प्रशिक्षार्थीहरू

भारतीय लेखा परीक्षण तथा लेखा सेवा, रक्षा वैमानिक गुणस्तर आश्वासन सेवा र भारतीय व्यापार सेवाका अधिकारी-प्रशिक्षार्थीहरूले आज नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुलाई भेटे। सामाजिक सञ्जालको एउटा पोस्टमा राष्ट्रपतिले भन्नुभयो, “जब अधिकारीहरूले देशको विकास र प्रत्येक नागरिकको कल्याणका लागि प्रतिबद्धताका साथ काम गर्छन्, राष्ट्र विश्वव्यापी रूपमा अझ सशक्त, सक्षम र सम्मानित हुन्छ।”

राष्ट्रपतिले युवा अधिकारीहरूको समर्पण र उत्साहको प्रशंसा गर्दै भविष्यको भारत निर्माणका लागि एउटा परिवर्तनकारी शक्तिको रूपमा सार्वजनिक सेवाप्रति उनीहरूको

उत्साहलाई उल्लेख गर्नुभयो।

### 3.राजनाथ-डीआरडीओ

रक्षामन्त्री राजनाथ सिंहले आज बेंगलुरुमा रहेको रक्षा अनुसन्धान तथा विकास संगठनको **ग्यास टर्बाइन** अनुसन्धान प्रतिष्ठानमा भ्रमण गर्नुभयो र स्वदेशी सैन्य **ग्यास टर्बाइन इन्जिन** विकाससँग सम्बन्धित चलिरहेका परियोजनाहरूको प्रगतिमाथि समीक्षा गर्नुभयो।

वैज्ञानिक र अधिकारीहरूसँग अन्तरक्रिया गर्दै, श्री सिंहले विकसित हुँदै गइरहेको भूराजनीतिक परिदृश्यलाई ध्यानमा राखी हवाई इन्जिन प्रविधिमा आत्मनिर्भरता हासिल गर्ने महत्त्वमाथि जोड दिनुभयो। उहाँले राष्ट्रिय सुरक्षा र रणनीतिक स्वायत्तता सुनिश्चित गर्न महत्वपूर्ण प्रविधिहरूको स्वदेशी विकास आवश्यक रहेको बताउनुभयो।

### 4. प्रधानमन्त्री-फ्रान्सेली राष्ट्रपति

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि मुम्बईमा फ्रान्सेली राष्ट्रपति **इमानुएल म्याक्रोन**-लाई भेट्नुहुनेछ। भेटघाटको क्रममा, दुई नेताहरूले भारत-फ्रान्स रणनीतिक साझेदारीमा प्रगतिको समीक्षा गर्नेछन् र क्षेत्रीय तथा विश्वव्यापी महत्वका मुद्दाहरूबारे छलफल गर्नेछन्।

श्री **म्याक्रोन** भोलिदेखि भारतको तीन दिने आधिकारिक भ्रमणमा हुनेछन्। उहाँ एआई **प्रभाव शिखर सम्मेलन**-मा भाग लिन भारतमा हुनुहुन्छ। दुई नेताहरूको छलफल रणनीतिक साझेदारीलाई सुदृढ पार्ने र यसलाई नयाँ र उदीयमान क्षेत्रहरूमा विस्तार गर्ने कुरामा केन्द्रित हुनेछ। त्यसपछि, दुई नेताहरूले भारत-फ्रान्स नवप्रवर्तन वर्ष २०२६ को उद्घाटन गर्नेछन् र दुवै देशका व्यापारिक लिर, स्टार्टअप, अनुसन्धानकर्ताहरू र अन्य नवप्रवर्तकहरूको भेलालाई

सम्बोधन गर्नेछन्।

### 5.अमित शाह

केन्द्रीय गृहमन्त्री अमित शाहले धारा ३७० खारेज गरेपछि कश्मीर, पूर्वोत्तर र माओवादी प्रभावित क्षेत्रहरूमा हिंसा ८० प्रतिशतले घटेको बताउनु भयो। उहाँले ती क्षेत्रहरूबाट हिंसा पूर्ण रूपमा उन्मूलन हुने दिन टाढा नभएको बताउनुभयो।

BYTE...

श्री शाहले उक्त मन्तव्य दिल्ली प्रहरीको ७९ औँ स्थापना दिवसको अवसरमा साझा गर्नुभएको हो।

### 6. जितिन प्रसाद - आयरल्याण्ड

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि राज्यमन्त्री जितिन प्रसादले आज नयाँ दिल्लीमा आयरल्याण्डका सुधार तथा डिजिटलाइजेसन मन्त्री **ज्याक चेम्बर्स-**सँग भेट गर्नुभयो। सामाजिक सञ्जाल पोस्टमा श्री प्रसादले दुई पक्षले डिजिटल सार्वजनिक पूर्वाधार, सुधारमा आधारित शासन, उदीयमान प्रविधि र दुई देशबीच लगानी सम्बन्धमा सहयोग बढाउने अवसरहरूबारे छलफल गरेको बतानुभयो।

श्री प्रसादले भरपर्दो प्रविधि, बलियो आपूर्ति शृङ्खला र नवप्रवर्तन-नेतृत्वको विकासले भारत-आयरल्याण्ड सम्बन्धलाई बलियो बनाउन अपार सम्भावना प्रदान गर्ने बताउनुभयो।

### 7. उपाध्यक्ष - एआई प्रभाव

उपाध्यक्ष सी.पी. राधाकृष्णनले भारत एआई **प्रभाव शिखर सम्मेलन** देशका जनतालाई कल्याणकारी र लोकतान्त्रिक **एआई** भविष्यलाई आकार दिने एउटा अग्रगामी प्रयास रहेको

बताउनु भयो।

सामाजिक सञ्जाल पोस्टमा, श्री राधाकृष्णनले भन्नुभयो, यो भावना शिखर सम्मेलनको विषयवस्तु - "सर्वजन हिताय, सर्वजन सुखाय" मा प्रतिबिम्बित छ। उहाँले सार्वजनिक हित, पहुँच र विश्वव्यापी सहयोगलाई एआई विकासको केन्द्रमा राखेर, भारत विकसित देशहरू (ग्लोबल नर्थ) को प्राविधिक शक्तिहरूलाई विकासशील देशहरू (ग्लोबल साउथ) को स्केल र क्षमताहरूसँग जोड्न प्रयासरत छ जानकारी दिनुभयो। उपराष्ट्रपतिले शिखर सम्मेलनले विश्वव्यापी रूपमा समावेशी र साझा प्रगतिलाई प्रवर्द्धन गर्ने बताउँदै एआई मानव-केन्द्रित र जवाफदेही हुनुपर्छ भन्नुभयो।

## 8. भारत-अमेरिका व्यापार - कृषि

भारत-अमेरिका द्विपक्षीय व्यापार सम्झौताले भारतीय किसान र घरेलु उत्पादकहरूको हितको रक्षा गर्न बलियो सुरक्षा सुनिश्चित गर्नेछ। यो सम्झौताले दुई देशहरू बीचको व्यापार सम्बन्धमा महत्त्वपूर्ण परिवर्तनलाई चिन्हित गराउनेछ।

यस सम्झौताले धेरै कृषि र प्रशोधित खाद्य उत्पादनहरूमा भन्सार छुट मार्फत निर्यात अवसरहरू विस्तार गर्नेछ। संयुक्त राज्य अमेरिकासँग भारतको कृषि व्यापार हाल $१.३ बिलियन भन्दा बढीको अधिशेष छ।

यस सम्झौताले राम्रो बजार पहुँच र भन्सार स्थिरता प्रदान गरेर भारतको खुद कृषि निर्यातकर्ताको रूपमा स्थितिलाई अझ बलियो बनाउने अपेक्षा गरिएको छ। यो कदमले वन-आश्रित आदिवासी समुदायहरूको आम्दानी बढाउने अपेक्षा गरिएको छ।

## 9. T20 विश्वकप

कोलकाताको इडेन गार्डेनमा खेलिएको क्रिकेट T20 विश्वकपको समूह सी को खेलमा इङ्गल्याण्डले इटालीलाई २४ रनले पराजित गऱ्यो। दिल्लीको अरुण जेटली स्टेडियममा खेलिएको मेचमा अफगानिस्तानले संयुक्त अरब इमिरेट्सलाई पाँच विकेटले पराजित गऱ्यो।

## 10. अनिवार्य घोषणा

अल इन्डिया रेडियोको समाचार सेवा विभागले आज राति ९:३० बजे फोन-इन कार्यक्रम "पब्लिक स्पिक" मा "परीक्षाको दबाब र तनावसँग व्यवहार गर्ने तरिकाहरू" विषयमाथि छलफल प्रसारण गर्नेछ। सफदरजंग अस्पतालको मनोचिकित्सा विभागकी चिकित्शक डा. मञ्जुश्री गुप्ता र केन्द्रीय माध्यमिक शिक्षा बोर्डकी सहसचिव श्वेता अरोराले छलफलमा भाग लिनेछन्।

कार्यक्रमको क्रममा, श्रोताहरूले ०११-२३३१०४८१, ०११-२३७१७१११७, ०११-२३७१७१०६-मा फोन गरेर यस विषयमा विज्ञहरूलाई प्रश्नहरू सोध्न सक्छन्। प्रश्नहरू व्हाट्सएप नम्बर ९२८-९०९४०४४ मार्फत पनि पठाउन सकिन्छ। प्रश्नहरू सामाजिक सञ्जाल प्लेटफर्म X मा Ask-AIR ह्यासट्यागको साथ पनि पोस्ट गर्न सकिन्छ।

---------